## हिमालयन डिष्टिलरी लिमिटेड,पर्साको

## २२(वाईसौं) वार्षिक साधारण सभाको निर्णय

यस कम्पनीको संचालक समितिका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंहको सभापतित्वमा मिति २०७९ साल पौष २७ गते (11th, January 2023) वुधवार विहान १०:०० वजे देखि ११:३० वजे सम्म विरगंन्ज म.न.पा. वडा नं.२१, लिपनिविर्ता पर्सा स्थित कम्पनीको रजिर्ष्टड कार्यालयमा सम्पन्न **वाईसौं बार्षिक साधारण सभामा** भएका छलफल तथा निर्णयहरु र अन्य कामकारवाही विवरण देहाय बमोजिम रहेका छन् ।

**१. उपस्थितीः**

**(क) सभामा उपस्थित संचालकहरु :**

| | |
|---|---|
| १. श्री अखिलेश्वर प्रसाद सिंह | अध्यक्ष |
| २. श्रीमती याङकिला (शेर्पा) रुईट | संचालक |
| ३. श्री शंकरराज पाण्डे | संचालक |
| ४.श्री साण्टु श्रेष्ठ | संचालक |
| ५. श्री प्रकाशमणी घिमिरे | स्वतन्त्र संचालक |

**(ख) उपस्थित अन्य पदाधिकारीहरु :**

| | |
|---|---|
| १. श्री महेश प्रसाद पोखरेल | प्रमूख कार्यकारी अधिकृत |
| २. श्री निशा निरौला | कम्पनी सचिव |

**(ग) आमन्त्रीतः**

| | |
|---|---|
| १. श्री धनश्याम पौड्याल | जि.पौडयाल् एण्ड एसोसियटस् (लेखा परीक्षक) |

**(घ) शेयरधनीहरुको उपस्थिती :**

(१) उपस्थित शेयरधनीहरुको संख्या : २९

(क) शेयरधनी स्वयं : ८

(ख) प्रतिनिधि (प्रोक्सी) मार्फतः २१

२. शेयरधनीहरुको उपस्थिती (प्रतिनिधित्व)संख्याः ७४ प्रतिशत

३. शेयर संख्याको प्रतिनिधित्व : ११३६७४७२ कित्ता,

**(घ) यस सभामा सहभागी हुन पाउने शेयरधनीहरुको कूल शेयर संख्या १,५१,८४,७९१.५६ मध्ये उपस्थित शेयर शंख्या र सवै सभामा उपस्थित हुनु र सभामा भाग लिन योग्य रहनु भएको थियो ।**

**२. छलफलका विषयसूची :**

**क. सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने वार्षिक प्रतिवेदनलाई पारित गर्ने ।

२. कम्पनीको आ.ब.२०७८/०७९ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने ।

३/१

३. यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि.र हिमालयन फिसरीज लि.को आ.व.२०७८।०७९ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्विकृत गर्ने ।

४. संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूँजीको १० प्रतिशतले हुने नगद लाभांश रु. १५,१८,४७,९१५।६३ (अक्षरुपी पन्ध्र करोड अठार लाख सचतालिस हजार नौ सय पन्ध्र पैसा त्रिसट्ठी मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने ।

५. आ.व.२०७९/०८० का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट समेत सिफारिस भई आएका जी. पौडेल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्डसलाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका जी. पौडेल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्डस् नियुक्तीका लागि योग्य हुनु हुन्छ)।

६. कम्पनीको नियमावली वमोजिम संचालक समितिले नियुक्त गरेका स्वतन्त्र संचालकको नियुक्तीलाई अनुमोदन गर्ने ।

७. संचालक समितिको सदस्यहरुको वैठक भत्ता वृद्धि गर्ने ।

**ख. विषेश प्रस्तावहरुः**

८. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको ६० प्रतिशत (कायम १० शेयरमा ६ बोनस) का दरले हुने रु.९१,१०,८७,४९३।७५(अक्षरुपी एकानब्बे करोड दश लाख सतासी हजार चार सय त्रियानब्बे पैसा पचहत्तर मात्र) वरावरको वोनस शेयर वितरण गर्न स्विकृत गर्ने ।

९. कम्पनीको साविकको अधिकृत पूँजी रु.१,६०,००,०००।०० (अक्षरुपी एक अरव साठ्ठी करोड मात्र) बाट रु.२,५०,००,०००।०० (अक्षरुपी दुई अरव पचास करोड मात्र) गर्ने र साविकको चुक्ता पूँजी रु. रु.१,५१,८४,७९,१५६।२५ (अक्षरुपी एक अर्ब एकाउन्न करोड चौरासी लाख उनान्असी हजार एक सय छपन्न पैसा पच्चीस मात्र) वृद्धि गरी रु.२,४२,९५,६६,६५०।०० (दुई अरव वयालीस करोड पन्चानब्बे लाख छयासाठी हजार छ सय पचास मात्र) कायम हुने भएकाले सो अनुसार कम्पनीको प्रवन्ध पत्रको दफा ५(क), (ख), (ग) र नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा संसोधन गर्ने ।

१०. कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

११. आ.व.२०७९।०८० को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने ।

१२. विविध ।

**३. सूचना प्रकाशन, गणपुरक संख्या तथा सभाको बैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम यस कम्पनीको वाईसौ वार्षिक साधारण सभाको सभा हुने ठाऊँ, मिति, समय र छलफल गर्ने विषय खोलि सबै शेयरधनीहरुलाई जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ८४(४) बमोजिम संक्षिप्त वार्षिक आर्थिक विवरण र साधारण सभा सम्वन्धि सूचना समेत राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक अर्थात मिति २०७९ पौष ३ गतेको कान्तिपुर राष्ट्रिय दैनिक र मिति २०७९ पौष ४ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि सूचित गरिएको साथै कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम सभाको काम कारवाही अगाडि वढाउनका लागी कूल शेयर संख्याको न्यूनतम ५० प्रतिशत भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ (तीन) जना स्वयं वा आफनो प्रतिनिधी मार्फत उपस्थित हुनु पर्ने व्यवस्था रहेकोमा प्रस्तुत सभामा शेयरधनी स्वयंम वा प्रतिनिधी मार्फत जम्मा २९ जना शेयरधनीको प्रतिनिधित्व भएको साथै सभामा भाग लिन पाउने जम्मा शेयर संख्याको ६८..... प्रतिशत प्रतिनिधित्व यस सभामा भएकोले कम्पनी ऐन तथा कम्पनीको नियमावलीको व्यवस्था बमोजिम गणपुरक संख्या पुगेको र यो सभा कम्पनी

ऐन र नियमावली बमोजिम वोलाईएको कुरा यकिन गरी आजको सभा वैधानिक भएको जानकारी सभामा गराईयो । साथै यस सभाका लागी आवश्यक कानून बमोजिमका सबै प्रकृया पुरा भएकोले संचालक समितिका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंहले सभाको सभापतित्व ग्रहण गरि छलफलका विषयसूची अनुसार सभा संचालन गरियो ।

४. **सभाको आरम्भ :** मिति २०७९ मंसिर ९ गते वसेको संचालक समितिको निर्णयबाट प्रस्ताव गरिए बमोजिम वाईसौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरुलाई निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई जानकारी गराईयो ।

५. **प्रतिवेदन प्रस्तुत :** यस कम्पनीको सभामा प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंहले सभामा उपस्थित शेयरधनी एवं कम्पनीका पदाधिकारी एवं अन्य उपस्थित माहानुभावहरुलाई मौसम प्रतिकुलताको विषम अवस्थामा समेत सभामा उपस्थित भई यस साधारण सभाको गरिमा वढाई दिनु भएका उपस्थित सबैलाई स्वागत अभिवादन गर्दै आ.व. २०७८।०७९ को संचालक समितिको बाषिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । तत् पश्चात, सभाका सभापति ज्यूले सभा समक्ष कम्पनीको आ.व. २०७८।०७९ को लेखा परीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव, मुनाफा मिलान, नाफा नोक्सान वाडफाड हिसाव, नगद प्रवाह विवरण, हिमालयन मल्टी एग्रो लिमिटेड र हिमालयन फिसरीज लिमिटेड समेतको एकिकृत आय व्याय विवरण, आ.व.२०७९।०८० को लागि लेखा परीक्षकको नियुक्ती र निजको पारीश्रमिक निर्धारण, कम्पनीले संचालक समितिको निर्णय अनुसार वोनस वितरण गर्ने प्रस्ताव र सो वोनस वितरण पश्चात कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीहरुमा हुने संसोधन एवं संचालक समितिका सदस्यहरुको वैठक भत्ता वृद्धि लगायतका सभामा प्रस्तुत सामान्य प्रस्तावहरु विषेश प्रस्तावहरु उपर छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा भाग लिन तथा कम्पनीको कारोबार सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तव्य, सुझाव तथा जिज्ञासाहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई आव्हान गर्नु भयो ।

६. **शेयरधनी ज्यूहरुको राय, सुझाव, मन्तव्य र जिज्ञासा तथा सुझवहरु :**

१. अहिले सम्म त कम्पनीको Performance राम्रो देखिन्छ । तर विगत केहि समय देखि कोभिड महामारी, विश्वव्यापी आर्थिक मन्दी, व्याजदरमा वृद्धि, वैंकले प्रदान गर्ने ऋणमा संकुचन, नयां नयां उद्योगहरु वजारमा स्थापना भईरहेका छन् । यी र यस्ता चुनौतीहरुको सामना गर्न कस्ता चुनौतिहरुको सामना गर्न के कस्ता कार्यकमहरु कम्पनीसंग रहेका छन् ?

२. नेपाल सरकारले हरेक वर्ष मदिराको राजश्व वृद्धि गर्दै गईरहेको छ । विज्ञापन लगायतका नीतिहरुमा पनि कडा वनाउदै लगेको पाईन्छ । यस्तो परिस्थीतिमा हाम्रो व्यवसायमा के कस्तो असर पर्ने देखिन्छ ? भन्ने विषयमा सभामा जिज्ञसा प्राप्त भएको थियो ।

**क).शेयरधनीहरुको राय, सुझाव, मन्तव्य र जिज्ञासा र अध्यक्षज्यूले दिनु भएको प्रतिउत्तरको मुख्य अशंहरु:**

१. कम्पनीका उत्पादनहरुका गुणस्तरमा उच्चता कायम गर्ने, खर्च व्यवस्थापनमा मितव्ययिता अपनाउने, स्प्रिट प्लाण्टमा आधुनिकरण गरी मुख्य कच्चा पदार्थ आपुर्तिमा सुनिश्चीतता गर्ने, वजार व्यवस्थापनलाई अझ वढि प्रभावकारी वनाउदै लाने आदि उपायवाट सम्भावित चुनौतिलाई सामाना गर्ने प्रयास गर्ने छौं । वजार विस्तारलाई उच्च प्रथामिकतामा राखी अगाडी वढि रहेको साथै यस व्यवसायमा देखिने चुनौतीको सम्भाव्यता अध्ययन गरि सो अनुसार नै अगाडि वढ्ने गरेको विषयमा सभामा जानकारी गराउनु भयो ।

२. हरेक वर्षको राजश्व दर वृद्धि हुदा निश्चय पनि यसको प्रभाव व्यवसायमा पर्दछ नै, तर सरकारका नीतिहरु हाम्रो कावु भन्दा वाहिरका परिस्थीतिहरु हुन । यस्ता नितिगत चुनौतिहरुलाई सामना गर्न कम्पनीको आन्तरिक व्यवस्थापनमा चुस्तता ल्याई व्यवसायिक प्रभावकारिता वढाउदै लाने लक्ष्य लिएका छौं ।

**७. सभाबाट भएका निर्णयहरु :**

क. सामान्य प्रस्तावहरुः

१. **आ.व.२०७८/०७९को संचालक समितिको वार्षिक प्रतिवेदनलाई पारित गर्ने :** प्रस्तुत प्रतिवेदन उपर सभामा विस्तृत छलंफल भई सर्व सम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

२. **कम्पनीको आ.ब.२०७८/०७९ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने :** लेखा परीक्षकको प्रतिवेदन सहितको २०७९ असाढ मसान्त सम्मको व्रासलात तथा आ.व. २०७८।०७९ को नाफा–नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वार्षिक वितीय विवरण उपर छलफल गरि सर्व सम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

३. **यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि. र हिमालयन फिसरीज लि. को आ.व. २०७८।०७९ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरणलाई स्विकृत गर्ने :** यस कम्पनीको सहायक कम्पनीहरुः, हिमालयन मल्टी एग्रो लिमिटेड र हिमालयन फिसरीज लिमिटेडको आ.व.२०७८/०७९ को वितीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण माथि छलफल गरी सर्व सम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

४. **संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजीको १० प्रतिशतले हुने नगद लाभांश रु. १५,१८,४७,९१५।६३(अक्षरुपी पन्ध्र करोड अठार लाख सचतालिस हजार नौ सय पन्ध्र पैसा त्रिसट्ठी मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने :** वाईसौं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तीका वन्द हुनु अघि सम्म अर्थात मिति २०७९ पौष १९ गते सम्म कायम शेयरधनीहरुले हाल कायम चुक्ता पूंजिको १० प्रतिशतले हुने नगद लाभांश रु.१५,१८,४७,९१५।६३(अक्षरुपी पन्ध्र करोड अठार लाख सत्चालिस हजार नौ सय पन्ध्र पैसा त्रिसट्ठी मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) मात्र वितरण गर्न स्विकृत गर्ने सर्व सम्मत निर्णय गरियो ।

५. **आ.व.२०७९/०८० का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट समेत सिफारिस भई आएका जी. पौड्याल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्डस्लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका जी. पौड्याल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्डस् नियुक्तीका लागि योग्य हुनु हुन्छ ):** लेखा परीक्षण समिति तथा संचालक समिति समेतको सिफारिस बमोजिम कम्पनीको आ.व.२०७९।०८० को लेखा परीक्षकमा जी. पौड्याल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्टस्लाई नियुक्ती गर्ने र लेखा परीक्षण सम्वन्धि कार्य गरे वापत कर वाहेक रु.४,५०,०००।०० (अक्षरुपी चार लाख पचास हजार मात्र) पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्व सम्मत गरियो ।

६. **कम्पनीको नियमावली वमोजिम संचालक समितिले नियुक्त गरेका स्वतन्त्र संचालकको नियुक्तीलाई अनुमोदन गर्ने :** कम्पनीको प्रवन्ध पत्र तथा नियमावली वमोजिम नियुक्त हुनु भएका जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वार्ड नं. ३ वस्ने प्रकाशमणी घिमिरेलाई स्वतन्त्र संचालकमा संचालक समितिले नियुक्त गरेकोले सो नियुक्तीलाई अनुमोदनका लागि सभामा प्रस्ताव गरिएकोमा निज प्रकाशमणी घिमिरेलाई यस संचालक समितिको कार्यकाल अवधी सम्मका लागि स्वतन्त्र संचालकमा नियुक्ति गर्ने सर्व सम्मत निर्णय गरियो ।

७. **संचालक समितिको सदस्यहरुको वैठक भत्ता वृद्धि गर्ने :** संचालक समितिले यस कम्पनीको कारोवार, मुनाफाको स्थिति तथा मुद्रास्फिति दर लगायतका अवस्थालाई मध्यनजर गर्दै हाल उपलब्ध गराउदै आएको संचालक समितिको वैठक भत्तामा केही बृद्धि गरि अध्यक्षलाई प्रति वैठक रु.२५,०००।०० र संचालक सदस्यहरुलाई प्रति वैठक भत्ता रु.२०,०००।०० वैठक भत्ता निर्धारण गर्ने निर्णय सर्व सम्मत गरियो ।

**ख. विषेश प्रस्तावहरुः**

८. **संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको ६० प्रतिशत (कायम १० शेयरमा ६ बोनस) का दरले हुने रु.९१,१०,८७,४९३।७५(अक्षरुपी एकानब्बे करोड दश लाख सतासी हजार चार सय त्रियानब्बे पैसा पचहत्तर मात्र) वरावरको वोनस शेयर वितरण गर्न स्विकृत गर्ने :** वाईसौं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तीका वन्द हुनु अधि सम्म अर्थात मिति २०७९ पौष १९ गते सम्म कायम शेयरधनीहरुले हाल कायम चुक्ता पूंजिको ६० प्रतिशतले हुने नगद लाभांश रु.९१,१०,८७,४९३।७५(अक्षरुपी एकानब्बे करोड दश लाख सतासी हजार चार सय त्रियानब्बे पैसा पचहत्तर मात्र) वरावरको वोनस शेयर वितरण गर्न स्विकृत गर्ने निर्णय सर्व सम्मतिले गरियो ।

९. **कम्पनीको साविकको अधिकृत पूँजी रु.१,६०,००,०००।०० (अक्षरुपी एक अरव साठ्ठी करोड मात्र) बाट रु.२,५०,००,०००।०० (अक्षरुपी दुई अरव पचास करोड मात्र) गर्ने र साविकको चुक्ता पूँजी रु. रु.१,५१,८४,७९,१५६।२५ (अक्षरुपी एक अरब एकाउन्न करोड चौरासी लाख उनान्असी हजार एक सय छपन्न पैसा पच्चीस मात्र) वृद्धि गरी रु.२,४२,९५,६६,६५०।०० (दुई अरव वयालीस करोड पन्चानब्बे लाख छयासाठी हजार छ सय पचास मात्र) कायम हुने भएकाले सो अनुसार कम्पनीको प्रवन्ध पत्रको दफा ५(क), (ख), (ग) र नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा संसोधन गर्ने :** संचालक समितिले सिफारिस बमोज्गिम कम्पनीका शेयरधनीहरुलाई वोनस शेयर वितरण गर्ने निर्णय भए अनुसार कम्पनीको साविकको अधिकृत पूँजी र जारी पूँजींमा वृद्धि हुने सभामा जानकारी गराईयो । उक्त वोनस शेयर वितरणले कम्पनीको साविकको अधिकृत पूँजी समेत वृद्धि गर्नु पर्ने र साविकको जारी पूँजी समेत वृद्धि हुने हुनाले तपशिलमा उल्लेख भए बमोजिम कम्पनीको प्रवन्ध पत्रको दफा ५(क),(ख), (ग) र नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा देहाय अनुसार संसोधन गर्ने निर्णय गरियो ।

**प्रवन्ध पत्रको दफा ५(क), ५(ख) र ५(ग) मा कायम भएको संसोधित व्यवस्थाः**

**दफा ५(क) मा कायम संसोधित व्यवस्थाः**

कम्पनीको अधिकृत पूँजी रु.२,५०,००,००,०००।०० (दुई अरव पचास करोड) हुनेछ । उक्त पूँजी लाई रु.१००।०० का दरले २,५०,००,०००(दुई करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । हाल प्रिफरेन्स शेयर सम्वन्धि कुनै व्यवस्था गरिएको छैन ।

**दफा ५(ख) मा कायम संसोधित व्यवस्थाः**

कम्पनीको जारी पूँजी रु.२,४२,९५,६६,६५०।०० (दुई अरव वयालीस करोड पन्चानब्बे लाख छयासाठी हजार छ सय पचास मात्र) हुनेछ । कम्पनीको चुक्ता पूँजी रु. २,४२,९५,६६,६५०।०० (दुई अरव वयालीस करोड पन्चानब्बे लाख छयासाठी हजार छ सय पचास मात्र) हुनेछ ।

**दफा ५(ग) मा कायम संसोधित व्यवस्थाः**

कम्पनीको जारी पूँजी मध्ये रु. २,४२,९५,६६,६५०।०० (दुई अरव वयालीस करोड पन्चानब्बे लाख छयासाठी हजार छ सय पचास मात्र) को साधारण शेयर हुनेछ । कम्पनीको चुक्ता पूँजी रु. २,४२,९५,६६,६५०।०० (दुई अरव वयालीस करोड पन्चानब्बे लाख छयासाठी हजार छ सय पचास मात्र) हुनेछ ।

**नियमावलीको नियम ५(क), ५(ख) र ५(ग) मा कायम भएको संसोधित व्यवस्थाः**

**नियमावलीको नियम ५(क) मा कायम संसोधित व्यवस्थाः**

कम्पनीको अधिकृत पूँजी रु. रु.२,५०,००,००,०००।०० (दुई अरव पचास करोड) हुनेछ ।

**नियमावलीको नियम ५(ख)मा कायम संसोधित व्यवस्था:**

कम्पनीको जारी पूँजी रु.२,४२,९५,६६,६५०।०० (दुई अरव वयालीस करोड पन्चानब्बे लाख छयासाठी हजार छ सय पचास मात्र) हुनेछ । कम्पनीको चुक्ता पूँजी रु. २,४२,९५,६६,६५०।०० (दुई अरव वयालीस करोड पन्चानब्बे लाख छयासाठी हजार छ सय पचास मात्र) हुनेछ ।

**नियमावलीको नियम ५(घ) मा कायम संसोधित व्यवस्था:**

कम्पनीले आफनो जारी पूँजी मध्ये २,४२,९५,६६६.५० कित्ता साधारण शेयर विभाजन गरी जारी गर्नेछ । हाल प्रिफरेन्स शेयर सम्वन्धि व्यवस्था गरिएको छैन ।

**नियमावलीको नियम ५(ङ) मा कायम संसोधित व्यवस्था:**

कम्पनीले तत्काल जारी गरेको पूँजी मध्ये २,४२,९५,६६६.५० कित्ता शेयर सर्व साधारण शेयरधनीहरुले ग्रहण गर्नेछन ।

१०.**कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन र जारी पूँजी वृद्धि सम्वन्धि भएको निर्णय बमोजिमको संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव आएमा सो सुझाव अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने :** कम्पनीको वाईसौं वार्षिक साधारण सभामा भएको निर्णय अनुसार कम्पनीका प्रवन्ध पत्र तथा नियमावलीमा आवश्यक फेरवदल वा संसोधन, थप आदिका विषयमा अभिलेख गर्ने क्रममा नियमनकारी निकायबाट कुनै संसोधन, राय सुझावहरु आएमा सो सुझाव अनुसार गर्नका लागि वा यस निर्णय अनुसार नियमनकारी निकायबाट निर्णय, स्विकृती वा अभिलेख आदी गर्न गराउनका लागि केही संसोधन फेरबदल गर्नुपरेमा सो सम्बन्धी आवश्यक कार्य गर्न यस कम्पनीको संचालक समितिलाई सम्पुर्ण अख्तियारी दिने निर्णय सर्व सम्मत रुपमा पारित गरियो ।

११.**आ.व.२०७९।०८० को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने :** प्रस्तुत विषयमा छलफल गर्दा गत वर्षको एक्काईसौ वार्षिक साधारण सभावाट रु.१५,००,०००।०० (अक्षरुपी पन्ध्र लाख मात्र) सम्मको खर्चलाई अनुमोदन गरिएकोमा आ.व.२०७९।०८० लागि उल्लेखित शिर्षकमा भविष्यमा आई पर्न सक्ने परिस्थितिहरुलाई आंकलन गरि प्रस्तुत शिर्षकमा रु.१५,००,०००।०० भन्दा वढि खर्च गर्न नपाउने गरी पूर्व स्विकृती उपलब्ध गराउने निर्णय सर्व सम्मतीले गर्‍यो ।

(१२).**विविध :** साधारण सभाको सूचना अनुसार अन्य कुनै विषयहरुमा जिज्ञासाहरु प्राप्त नभएको व्यहोरा यस सभालाई जानकारी गराईयो ।

अन्त्यमा, उपस्थित सम्पूर्ण शेयरधनीहरु,आगन्तुक पाहुनाहरु, कम्पनीका पूर्व अध्यक्ष, पूर्व प्रवन्ध संचालक, सुरक्षा निकायका प्रतिनिधिहरु, पत्रकारहरु र कम्पनीका कर्मचारी एवं श्रमिकहरुलाई सभामा सहभागी हुनु भएकोमा धन्यवाद ज्ञापन गर्दै र पूर्व संचालक सदस्यहरुबाट सदैव सहयोग र सुझावहरुको अपेक्षा गर्दै आजको सभा समापन गर्नु भयो ।

..............................
अखिलेश्वर प्रसाद सिंह
संचालक समितिका अध्यक्ष तथा यस सभाका सभापति
मितिः २०७९।०९।२७
कम्पनीको छापः

..............................
निशा मिरौला
कम्पनी सचीव
मितिः २०७९।०९।२७